# माई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## शितली इलाम
## १ नं. प्रदेश, नेपाल

**नदिजन्य पदार्थ संकलन र बिक्री सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

***प्रथम पटक प्रकाशित मितिः २०७६/०७/२७***

माइ नगरपालिकाबाट मिति २०७६/०५/१४,२०७६/०६/१५,२०७६/०६/२८ र २०७६/०७/०७ गते अन्नपूर्ण दैनिकमा प्रकाशित भएकोमा मिति २०७६/०७/२० को नगरकार्यपालिकाको निर्णयानुसार नगरपालिकाबाट संचालन हुने योजनामा नगरपालिका आफैले राजश्व संकलन गर्ने र त्यसदेखि बाहेक प्रयोग हुने ढुंगा गिटीबालुवाका लागि ठेक्का आव्हान गर्ने निर्णय भएअनुसार सूचना पुन संसोधन गरिएको व्यहोरा सर्वसाधारण सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ. । सूचना प्रकाशन भएको मितिले तपशिल बमोजिम तोकिएको म्याद भित्र योग्यता पुगेका फर्म तथा कम्पनीहरुले ठेक्का सम्बन्धी कागजात खरिद गरी देहायको मिति समय र स्थानमा शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन अनुरोध छ । साथै E-Bidding को माध्यमबाट सिलबन्दी दरभाउपत्र पेश गर्न चाहने इच्छुक फर्म वा कम्पनीले www.bolpatra.gov.np/egp बाट पनि सिलबन्दी दरभाउपत्र पेश गर्न सक्नुहुनेछ ।

| ठेक्का नं. | ठेक्का विवरण | न्यूनतम ठेक्का अंक भ्याट बाहेक | सिलबन्दी दरभाउ पत्र फारम दस्तुर | सिलबन्दी दरभाउपत्र फारम बिक्रि हुने अन्तिम मिति | सिलबन्दी दरभाउपत्र फारम दाखिला गर्ने अन्तिम मिति, समय | बोल पत्र फारम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|
| आय/माई नपा /ठे.नं. ६/०७६/०७७ | माइ नगरपालिकाले तोकिदिएको क्षेत्र (माइ नगरपालिका भित्रका सम्पूर्ण खोला) भित्र IEE प्रतिवेदन अनुसार तोकिएको परिमाण र प्रदेश सरकारबाट तोकिएको दर रेट बमोजिमको नदिजन्य सामाग्री (पदार्थ) संकलन तथा विक्री | १६०००००।- (अक्षरुपी सोह्र लाख रुपैयाँ मात्र) | १०००।- | २०७६/०८/११ कार्यालय समय भित्र | २०७६/०८/११ कार्यालय समय भित्र | २०७६/०८/१२ दिनको ११:०० बजे |

ठेक्कासम्बन्धि शर्तहरु

- योग्य सिलबन्दी दरभाउपत्रदाताहरुले यस सम्बन्धी थप जानकारीका लागि वा सिलबन्दी दरभाउपत्रसम्बन्धी कागजातहरु हेर्न चाहेमा माइ नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।
- सिलबन्दी दरभाउपत्रदाताले सिलबन्दी दरभाउपत्रसम्बन्धी कागजात माइ नगरपालिकाबाट निवेदन पेश गरी मिति २०७६/०८/११ गते कार्यालय समय भित्रमा प्राप्त गर्न सक्नेछन् । निवेदनको साथमा कम्पनी/ फर्म दर्ता प्रमाणपत्र, भ्याट दर्ता प्रमाणपत्र, आ.व. ०७५/७६ को करचुक्ता प्रमाणपत्रहरुको प्रतिलिपी सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातको दस्तुर रु १००० (फिर्ता नहुने) गरी पेश गर्नु पर्नेछ ।
- सिलबन्दी दरभाउपत्र खरिद सम्झौता गर्ने कम्पनी/फर्म/व्यक्ती ले कवोल अंकको ५ प्रतिशत यस कार्यालयको नाममा सानिमा बैक लि. माइ शाखामा रहेको धरौटी खाता नं. ०५२०१००२००००००८ मा जम्मा गरी सक्कल भौचर पेश गर्नु पर्नेछ ।

- शिलबन्दी गरिएको दरभाउपत्रहरु सूचनामा उल्लेखित समय र मितिमा बुझाउनु पर्नेछ म्याद नाघि आएका सिलबन्दी दरभाउपत्र स्वीकार गरिने छैन ।
- तोकिएको समयभित्र पेश भएका सिलबन्दी दरभाउपत्रहरु सिलबन्दी दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा माइ नगरपालिकाको कार्यालयमा २०७६/०८/१२ दिनको ११:०० बजे खोलिने छ सिलबन्दी दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
- सिलबन्दी दरभाउपत्र दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिएको मिति र समयमा वोलपत्र पेश गर्ने र खोल्ने मिति कायम हुनेछ तर सिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम मितिमा सार्वजनिक विदा पर्न गए पनि सोही मितिलाइ कायम गरिनेछ ।
- सिलबन्दी दरभाउपत्र पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकाको कार्यालयमा निहित रहनेछ ।
- सिलबन्दी दरभाउपत्र फाराम जसको नाममा खरिद गरिएको हो सोही फर्मको नाममा दाखिला गर्नु पर्नेछ ।
- सिलबन्दी दरभाउपत्र फाराम भर्दा आफुले कवोल गरेके अंक र अक्षर दुवै प्रष्ट हुने गरी उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएको रकम लाइ मान्यता दिइनेछ ।
- सिलबन्दी दरभाउपत्र स्वीकृत भएपछि सूचना जारी भएको मितिले सात दिन भित्रमा सम्झौता गर्न कार्यालयमा आउनुपर्नेछ । मनासिव कारण बाहेक सो अवधिभित्र सम्झौता गरी ठेक्कापट्टा नलिएमा निजको धरौटी रकम जफत गरी कालो सूचिमा राखिनेछ ।
- ठेक्का स्वीकृत रकम एकमुष्ठ बुझाएमा स्वीकृत अंकमा **१० प्रतिशत छुट** दिइनेछ किस्ता बन्दी रुपमा रकम बुझाँउदा ५० प्रतिशत रकम सम्झौता गर्नु अगाडि बुझाउनुपर्नेछ भने दोश्रो किस्ता कुल अंकको ३० प्रतिशत पौष मसान्त र तेश्रो किस्ता कुल अंकको २० प्रतिशत रकम चैत्र मसान्त भित्रमा बुझाउनु पर्नेछ साथै यसरी किस्ता बन्दीमा रकम बुझाँउदा ठेकेदारले ठेक्का कवोल गरेको अंकमा दोश्रो र तेश्रो किस्ताको रकम बरावरको जमानत बापत नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको बाणिज्य बैंकबाट सम्झौता अवधिसम्मको बैंक ग्यारेन्टी सम्झौता गर्नु पुर्व पेश गर्नु पर्नेछ ।
- किस्ता रकम म्याद भित्र बुझाउनु पर्नेछ म्याद भित्र नबुझाएमा नगरपालिकालाइ 0.0२ प्रतिशत प्रतिदिन सो किस्तामा बुझाउन बाँकी रकमको हिसावले हुन आउने जरिवाना रकम ठेकेदारले तिर्नु पर्नेछ ।
- ठेक्का संचालनको शिलशिलामा नेपाल सरकार वा स्थानीय तहलाइ प्रचलित ऐन नियमानुसार बुझाउनुपर्ने कर दस्तुर शुल्क आदि सबै ठेकेदार स्वंयले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ ।
- नगरपालिकालाइ रकम बुझाउनु पर्ने वा बाँकी वक्यौता भएका तथा कालो सूचिमा परेका व्यक्ति वा फर्महरुको सिलबन्दी दरभाउपत्र स्वीकार गरिने छैन ।
- ठेक्का अवधिभर ठेकेदारले ठेक्का तोड्न पाउने छैन विचैमा ठेकेदारले ठेक्का तोडेमा निजवाट असुल हुन बाँकी रकम १० प्रतिशत व्याज जोडी असुल उपर गरिने छ र त्यस फर्मलाइ कालो सूचिमा समेत राखिने छ ।
- ठेक्का सम्झौता अवधि नगरपालिका र ठेकेदार बीच सम्झौता भएपश्चात लागु भइ २०७७ जेष्ठ मसान्त सम्म कायम रहनेछ ।
- शुल्क नगरपालिकाको आर्थिक ऐन २०७६ मा उल्लेख भएको दरभन्दा बढी उठाउन पाइने छैन तोकिएको दर भन्दा बढी उठाएको पाइएमा नियमानुसार कार्वाही गरिने छ ।
- ठेक्का सम्बन्धी रसिदहरु ठेकेदार आफैले छपाइ कार्यालयबाट प्रमाणित गराइ प्रयोग गर्नु पर्नेछ प्रमाणित नगरेको रसिदबाट शुल्क उठाएको पाइएमा नियमानुसार कार्वाही गरिनेछ ।
- अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

नि.प्रमुख प्रशासकीय अधिकृत
निमित्त प्रमुख प्रशासकीय अधिकृत